युरोपेली युनियन
निर्वाचन पर्यवेक्षण मिसन
संविधानसभा निर्वाचन, २०६४ चैत २८ गते, नेपाल

# प्रारम्भिक प्रतिवेदन

## प्रचार प्रसारको बेलाको तनावका बाबजुद सफल मतदान

२०६४ चैत ३० गते, काठमाडौं

*अन्तरिम सरकारको निमन्त्रणामा नेपालका लागि युरोपेली युनियन निर्वाचन पर्यवेक्षण मिसन (ईयू ईओएम्) २०६४ फागुन १९ देखि नेपालमा कार्यरत छ। ईयू ईओएम् को नेतृत्व युरोपेली संसदका सदस्य यान मुल्डर (Jan Mulder) ले गर्नु भएको छ। नेपालको संविधानसभा निर्वाचनमा ईयू ईओएम् ले सबभन्दा ठूलो पर्यवेक्षक टोली खटाएको छ। उक्त टोलीमा युरोपेली युनियन का २२ वटा सदस्य राष्ट्र तथा नर्वे र स्विटजरल्यान्डबाट समेत गरेर १२० जना पर्यवेक्षकहरू रहेका थिए र नेपालका ७५ मध्ये ६२ जिल्लामा उनीहरूको उपस्थिति रहेको थियो। निर्वाचन प्रक्रिया अन्तर्राष्ट्रिय मापदण्ड र नेपालको कानुन अनुकूल भए-नभएको मूल्याङ्कन गर्नका लागि पर्यवेक्षकहरू मुलुकभर खटाइएका थिए। ईयू ईओएम्ले सन् २००५ को अक्टोबरमा राष्ट्रसंघद्वारा अंगिकार गरिएको अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणको सिद्धान्त सम्बन्धी घोषणापत्रमा आधारित रहेर स्वतन्त्रतापूर्वक आफ्ना निष्कर्षहरू निकालेको छ। युरोपेली संसदका सदस्य जोसेप बोरेल फोन्टेलस (Josep Borrell Fontelles) को नेतृत्वमा युरोपेली संसदका सात जना सदस्यहरू पनि ईयू ईओएम्मा सहभागी हुनु भएको थियो र यस प्रतिवेदनमा व्यक्त विचारहरूमा उहाँहरूको पनि सहमति रहेको छ। पर्यवेक्षकहरूले मतदानका दिन ८३ वटा निर्वाचन क्षेत्रका ५१७ वटा मतदान केन्द्रहरूको भ्रमण गरेर मतदान कार्यको पर्यवेक्षण गर्नु भयो। ईयू ईओएम् हाल मतगणना कार्यको पर्यवेक्षण गरिरहेको छ र यो टोली निर्वाचन पछिका गतिविधिहरू तथा मतपरिणामको तालिका तयार नभएसम्म यस प्रक्रियाको पर्यवेक्षणका लागि नेपालमा रहनेछ। यो प्रारम्भिक प्रतिवेदन हो र निर्वाचन प्रक्रिया समाप्त भएको दुई महिना भित्र अन्तिम प्रतिवेदन प्रकाशित गरिनेछ।*

# सारांश


- २०६४ चैत २८ गतेको निर्वाचन नेपालमा जनप्रतिनिधिमूलक लोकतन्त्रको पुनर्स्थापनामा एउटा महत्वपूर्ण सोपान हो। अहिलेसम्म यो निर्वाचन सामान्यतया व्यावसायिक र पारदर्शी हिसाबले र कैयन अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सम्पन्न भएको छ। आफ्ना प्रतिनिधिहरूको चयन गर्नका लागि अत्यन्त ठूलो सङ्ख्यामा सहभागी भएका नेपाली जनताले संवैधानिक सुधार तथा उत्तरदायी र निर्वाचनमा आधारित बहुदलीय लोकतन्त्रको पुनर्स्थापनाप्रतिको आफ्नो समर्थन प्रदर्शन गरे। निर्वाचनका दिन देशका केही भागहरूमा सीमित मात्रामा हिंसा, डरधम्की र मतदानलाई खुलमखुल्ला ढङ्गले प्रभावित गर्ने खोज्ने घटनाहरू भए पनि निर्वाचन सामान्यतया बिना व्यवधान सम्पन्न भयो। तर यसका विपरित, प्रचार प्रसारका बेलाको वातावरण भने मुलुकभरि नै तनावग्रस्त थियो। कतिपय अवस्थामा अभिव्यक्ति, आवागमन तथा भेला हुने स्वतन्त्रताको गम्भीर रूपले हनन भएको थियो। हिंसा र हत्याका समेत कैयन घटना भएका थिए।

- मुलुकभरि मतगणनाको प्रक्रिया चालु भएपछि सम्पूर्ण राजनीतिक दलहरूले धैर्यपूर्वक मतपरिणामको प्रतीक्षा गर्ने एवम् विधिको शासनको मर्यादा राख्ने कुरामा युरोपेली युनियन निर्वाचन पर्यवेक्षण मिसन (ईयू ईओएम्) पूर्ण आशावादी छ। पारदर्शिताको प्रत्याभूतिको गर्नका लागि निर्वाचन आयोगले मतदान केन्द्र तहसम्ममा भएको मतदान प्रतिशतसहितको अन्तिम परिणाम प्रकाशित गर्नु पर्छ। मतदान प्रक्रियाका बारेमा दलहरूको उजुरी भएमा ईयू ईओएम्ले उनीहरूलाई आफ्नो उजुरी निर्वाचन आयोगमा पेश गर्न र कानुनी बाटो खोज्न प्रेरित गर्छ।

- मुलुकका धेरै भागमा निर्वाचनका दिन सामान्यतया कुनै व्यवधान भएन र मतदानका दिनको वातावरण अधिकांश रूपमा शान्तिपूर्ण नै रह्यो। यद्यपि सीमित रूपमा भएका केही घटनाको परिणाम स्वरूप केही केन्द्रको मतदान नै रद्द भयो। निर्वाचन सम्पन्न भएका सबै २३९ निर्वाचन क्षेत्रमा नै शान्तिपूर्ण र विधिसम्मत ढङ्गले मतदान सम्पन्न भयो। ईयूका पर्यवेक्षकहरूले भ्रमण गरेका मध्ये ८९ प्रतिशत निर्वाचन केन्द्रहरूको मतदान प्रक्रिया अत्यन्त राम्रो वा राम्रो थियो। भ्रमण गरिएका मध्ये अधिकांश मतदान केन्द्रमा खटिएका निर्वाचन कर्मचारीहरू प्रतिबद्ध, कार्यकुशल र प्रशिक्षित पाइएका थिए।

- हालसम्मको स्थिति हेर्दा कानूनी संरचनाले सामान्यतया अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको लोकतान्त्रिक र समावेसी निर्वाचन प्रक्रिया सम्पन्न गर्न मदत पुऱ्याएको छ। अन्तरिम संसद र निर्वाचन आयोगले निर्वाचनको सञ्चालनलाई मदत पुऱ्याउनका लागि कानुनी संरचनामा व्यापक र कैयन पक्षहरूमा विस्तृत सुधारहरू गरे। यद्यपि केही सुधारहरू स्पष्ट रूपमा देखिए तापनि कानुनी संरचनामा सर्वोत्तम अभ्याससित मेल नखाने किसिमका कैयन कमी कमजोरीहरू रहे। यस्ता कमी कमजोरीहरूमा एकीकृत निर्वाचन ऐनको अभाव, निर्वाचन परिणामको प्रकाशनको निश्चित मिति तथा प्रस्तुति र पुनरावेदनका बारेमा स्पष्ट नहुनु आदि रहेका छन्।

- निर्वाचन आयोगले एउटा स्वायत्त निकायका रूपमा पूर्ण निष्ठा र कार्यकुशलताका साथ आफ्नो काम गऱ्यो। बन्दोबस्ती र प्राविधिक तयारी प्रभावकारी ढङ्गले पूरा गरियो र महत्वपूर्ण कामहरू पनि समय तालिका अनुसार नै पूरा गरियो। निर्वाचन आयोगले मूलभूत विषयहरूमा राजनीतिक दलहरू र अन्य साझेदारहरूसित नियमित परामर्श गर्दै, पर्याप्त लचकता अपनाएर र खुला सञ्चार रणनीति अपनाएर सामान्यतया पारदर्शी ढङ्गले काम गऱ्यो। यद्यपि, प्रचार प्रसारका बेलामा भएका आचारसंहिता उल्लङ्घनका कैयन घटनाहरूका सन्दर्भमा हेर्दा आचार संहितालाई पूर्णरूपमा लागु गराउनमा भने आयोग असफल भयो।

- पछिल्लो मतदाता दर्ता अभियान २०६३ पुस माघमा सञ्चालन गरिएको थियो। केही व्यवधानहरू भए पनि त्यो कार्यक्रम सामान्यतया सफल रह्यो। फलतः दर्ता भएका मतदाताहरूको सङ्ख्या २०६३ सालका तुलनामा १५ प्रतिशत वृद्धि भएर १ करोड ७६ लाख पुग्यो। यस अघि हुने भनिएका निर्वाचनहरू स्थगित भए पनि कार्यक्रमको समयबद्धताका कारण मतदाता नामावली अद्यावधिक हुन सकेन। फलस्वरूप २०६३ मङ्सिर २९ गते यता १८ वर्ष पुगेकाहरू यस निर्वाचनमा मतदान गर्नबाट वञ्चित भए। एकभन्दा बढी ठाउँबाट मतदाता सूचीमा दर्ता हुने लगायतका अनियमितताहरूलाई पत्ता लगाउने उपयुक्त प्रक्रियाको पनि अभाव रह्यो।

- मुलुकका अधिकांश भागमा देखिएको कमजोर सुरक्षा प्रबन्ध तथा शान्ति सुरक्षाका कारण प्रचार प्रसार अवधिमा कतिपय राजनीतिक दल र उम्मेदवारहरूले भेला हुने, हिँडडुल गर्ने तथा अभिव्यक्तिको स्वतन्त्रताको अधिकार उपभोग गर्न पाएनन्। हिंसाका अनेक घटनाहरू भए र राजनीतिक दलका कार्यकताहरू बीच प्रसस्त झडपहरू पनि भए। प्रचार प्रसारका बेलाको तनावपूर्ण वातावरण रहेका ठाउँमा प्रचार प्रसारका गतिविधिहरू निश्चित ठाउँमा मात्र सीमित हुन पुगे। यस्ता सबै घटनाहरूका कारण

परिवेश नै डर र धाक धम्कीपूर्ण हुन गयो र कतिपय अवस्थामा स्वतन्त्रतापूर्वक प्रचार प्रसार गर्ने हक कुण्ठित भयो। युरोपेली युनियनका पर्यवेक्षकहरूका अनुसार मतदाताहरूलाई धम्क्याइएका घटनाहरू धेरै नै भए। राजनीतिक दलहरूद्वारा मत किन्ने प्रयास भएको पनि देखियो।

- प्रचार प्रसार अवधिको अधिकांश भागमा निर्वाचन प्रचार प्रसार तथा वाक् स्वतन्त्रताका बारेमा आमसञ्चार माध्यमहरूमा धेरै सामग्री प्रकाशित र प्रसारित भए। प्रचार प्रसार सुरु हुनुभन्दा अघिको तुलनामा समग्र निर्वाचन प्रक्रियामा पत्रकारहरूका लागि राम्रो वातावरण उपलब्ध भयो। यद्यपि, दलहरूको सञ्चार माध्यममा बढीभन्दा बढी स्थान पाउने प्रयासका सापेक्षतामा उनीहरूले सञ्चार माध्यमहरूमा निष्पक्ष समाचार आएन भन्ने दावी गरे र सञ्चार माध्यमहरूले उनीहरूबाट निकै दबाव झेल्नु पऱ्यो। केही ठाउँमा पत्रकारहरूप्रति दुर्व्यवहार पनि भयो र प्रचार प्रसार अवधिका अन्त्यमा आएर एकजना पत्रकारको अपहरण पनि भयो।

- अन्तरिम संविधान तथा संविधानसभा निर्वाचन ऐनले महिला तथा परम्परागत रूपले सीमान्तीकृत समूहहरूका अधिकारहरूलाई पहिचान गरेर तिनको संरक्षणका लागि पर्याप्त व्यवस्थाहरू गरेको छ। कोटामा तोकिएका केही सिट पाउनै पर्ने भएकाले यसपटक उनीहरूको प्रतिनिधित्व अभूतपूर्व रूपमा हुनेछ। यद्यपि, कोटा प्रणालीको तर्जुमाका कारण प्रारम्भिक रूपमा परिकल्पना गरिए झैं व्यापक प्रतिनिधित्वको प्रत्याभूति गर्न भने नसकिने स्थिति छ।

- ६०१ सदस्यीय संविधानसभाको स्थापनाका लागि निर्वाचन क्षेत्रमा आधारित पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष निर्वाचन) तथा राष्ट्रव्यापी समानुपातिक मतदानको समानान्तर मिश्रित निर्वाचन प्रणाली अपनाइएको थियो। यसमध्येका २६ जना सदस्यहरूलाई भने नयाँ अन्तरिम सरकारले मनोनयन गर्ने छ। उम्मेदवारीका लागि आवश्यक शर्तहरू एकदमै कडा थिएनन् र निर्वाचनमा ९,६४८ जना उम्मेदवारहरू बीच प्रतिष्पर्धा भएको थियो। यो अघिल्ला निर्वाचनहरूका तुलनामा भएको महत्वपूर्ण वृद्धि हो। एउटा क्षेत्रको निर्वाचन सरेका कारण पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष निर्वाचन) प्रणालीका लागि छुट्याइएका २४० सिट मध्ये २३९ वटाबाट ५५ वटा राजनीतिक दलका ३,९४७ उम्मेदवारहरू सहभागी थिए। निर्वाचन आयोगले समानुपातिक प्रतिनिधित्वको प्रतिष्पर्धाका लागि ३३५ स्थानका लागि ५४ वटा राजनीतिक दलले पेश गरेको ५,७०१ जना उम्मेदवारहरूको बन्द सूची स्वीकृत गऱ्यो।

- निर्वाचन आयोगले महत्वाकांक्षी मतदाता शिक्षा कार्यक्रम पनि सञ्चालन गऱ्यो। नागरिक शिक्षा तथा सार्वजनिक सम्पर्कको काम समेत सम्मिलित व्यापक प्रचारको कामलाई अघि बढाउने निर्वाचन आयोगको आधिकारिक प्रयत्नमा नागरिक समाज संस्थाहरूको पनि सहभागिता रह्यो। यतिका प्रयत्नहरू भए तापनि संविधानसभा निर्वाचनका बारेमा सर्वसाधारणको जानकारीको स्तर भने अपर्याप्त नै रहेको पाइयो।

- निर्वाचनको पर्यवेक्षणका लागि ठूलो सङ्ख्यामा अन्तर्राष्ट्रिय र राष्ट्रिय पर्यवेक्षकहरूले स्वीकृति पाएका थिए। निर्वाचन आयोगका अनुसार १४८ संस्थाका ६०,००० भन्दा बढी राष्ट्रिय पर्यवेक्षकहरूले स्वीकृति पाएका थिए। निर्वाचन अनुगमनका लागि २८ वटा अन्तर्राष्ट्रिय पर्यवेक्षण मिसनका ८५६ जना अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले अनुमति पाएका थिए।

- प्रचार प्रसारका अवधिमा निर्वाचन आयोगमा करिब २३० वटा औपचारिक उजुरीहरू पेश भएका थिए। आचार संहिता उल्लङ्घनका थुप्रै अनौपचारिक गुनासाहरूप्रति युरोपेली युनियनको निर्वाचन पर्यवेक्षण टोलीको पनि ध्यानाकर्षण गरिएको थियो। औपचारिक उजुरीहरूमा धेरैजसो सरकारी कर्मचारीहरू निष्पक्ष नभएको, राज्यको स्रोत र साधनको दुरूपयोग भएको र निर्वाचनसँग सम्बन्धित हिंसा जस्ता कुरा रहेका छन्। निर्वाचन आयोगले आचार संहिताको उल्लङ्घन भएको भनेर पुष्टि गरेका घटनाहरूमा दोषीहरू विरूद्ध अहिलेसम्म कारवाही गरिएको भने छैन। निर्वाचन आयोगले गरेका निर्णयका विरुद्धमा गरिएका पुनरावेदनलाई अस्वीकार गरिएबाट पर्याप्त पुनरावेदन संयन्त्र उपलब्ध नभएको पुष्टि हुन्छ।

- युरोपेली युनियनको निर्वाचन पर्यवेक्षण टोलीले निर्वाचनका सबै प्रक्रिया समाप्त नभएसम्म पर्यवेक्षण जारी राख्ने छ। यस अन्तर्गत मतगणना र परिणामलाई जवाफदेही र पारदर्शी ढङ्गले तालिकामा राख्ने काम (टेबुलेशन) सम्पन्न गर्ने समेतका कामहरू समाविष्ट छन्। टोलीले राजनीतिक प्रतिस्पर्धीहरूले आयोग समक्ष प्रस्तुत गरेका उजुरीहरूका सम्बन्धमा निर्वाचन प्रशासनको कार्यको पनि समीक्षा गर्नेछ। यसैगरी यसले राजनीतिक दलहरूले निर्वाचन आचार संहिताको पालना गरे नगरेको कुराको विश्लेषण पनि गर्नेछ।

## प्रारम्भिक निष्कर्षको प्रतिवेदन

### पृष्ठभूमि

२०६४ चैत २८ गते सम्पन्न संविधानसभाको निर्वाचन नेपाल कम्युनिष्ट पार्टी- माओवादी (नेकपा (माओवादी)) र सात दलीय गठबन्धन बीच २०६३ मङ्सिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौताको मुख्य शर्त रहेको थियो। निर्वाचित संविधानसभाले लोकतान्त्रिक र समावेशी नेपालको निर्माण गर्नका लागि नयाँ संरचनाहरू तयार गर्ने आधार स्तम्भका रूपमा नयाँ संविधान बनाउने छ। आधारभूत संवैधानिक सुधारका लागि मुलुकको इतिहासमा नै पहिलो पटक पहिलेभन्दा बढी सहभागितामूलक र समावेशी प्रक्रिया तयार गरिएको छ। सन् १९९९ पछिको यो नै पहिलो राष्ट्रिय निर्वाचन पनि हो। निर्वाचन सफलतापूर्वक सम्पन्न भएका कारण विस्तृत शान्ति सम्झौताको एउटा मुख्य प्रावधान कार्यान्वयन गर्ने अवसर प्राप्त भएको छ। यो देशमा जनप्रतिनिधिमूलक लोकतन्त्रको पुनर्स्थापना गर्ने दिशामा एउटा महत्वपूर्ण कदम हो।

नेपालको राजनीतिको अनिश्चित र प्रायः द्वन्द्वमय प्रकृति, मानवअधिकारको कमजोर अवस्था र दण्डहीनताको संस्कृति सँगसँगै शान्ति सुरक्षाको अभाव नेपालको निर्वाचनमा गम्भीर चुनौतीका रूपमा रहेका छन्।[१] राजतन्त्र, सुरक्षा क्षेत्र सुधार र निर्वाचन प्रणालीका बारेमा २०६४ भदौ - असोज महिनामा नेकपा (माओवादी) र विस्तृत शान्ति सम्झौताका अन्य हस्ताक्षरकर्ताहरू बीच आधारभूत असहमति भएपछि नेकपा (माओवादी) का मन्त्रीहरू अन्तरिम सरकारबाट बाहिरिएका थिए। परम्परागतरूपमा सीमान्तीकृत समुदायहरूको बृहत राजनीतिक प्रतिनिधित्वको माग र त्यसपछि तराई लगायत देशका विभिन्न भागमा बढेको सामाजिक अस्थिरता सँगसँगै मुख्य राजनीतिक दलहरू बीचको सहमति भङ्ग हुन पुग्यो। यसले गर्दा २०६४ मङ्सिरका लागि तय गरिएको निर्वाचनका लागि राजनीतिक वातावरण झन् बिग्रिन पुग्यो। फलतः निर्वाचनको मिति पर सऱ्यो। यस अघि २०६३ जेठ महिनामा हुने भनिएको निर्वाचनको मिति समय अभावका कारण पर सारिएको थियो।

---

[१] राष्ट्रिय मानव अधिकार आयोग नेपाल र मानव अधिकार सम्बन्धी नेपालस्थित राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयको प्रतिवेदनहरू हेर्नुहोला।

२०६४ पुसमा अन्तरिम सरकार र नेकपा (माओवादी) बीच संविधान सभाको पहिलो बैठकबाट संविधान संशोधन गरी नेपाललाई गणतन्त्र घोषणा गर्ने सहमति भएपछि नेकपा (माओवादी) पुनःअन्तरिम सरकारमा प्रवेश गरेको थियो। प्रत्यक्ष निर्वाचन (पहिलो हुने निर्वाचित हुने प्रणाली) र समानुपातिक प्रणालीद्वारा निर्वाचित हुने सिट सङ्ख्याको अनुपातमा भएको परिवर्तन तथा समानुपातिक प्रणालीद्वारा निर्वाचित हुनेको सङ्ख्यामा भएको वृद्धि सोही सहमतिको एउटा अंश थियो। नेकपा (माओवादी) सरकारमा पुनःप्रवेश गर्नुको अर्थ मुख्य राजनीतिक दलहरूको सहभागितामा निर्वाचन सम्पन्न हुन सक्छ भन्ने हो। अन्तरिम सरकार र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा बीच २०६४ फागुन १६ गते र संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा बीच फागुन १७ गते सम्पन्न सम्झौताहरूले यी समूहहरूको प्रतिबद्धता सहित निर्वाचनमा बृहत् सहभागिताका लागि मार्ग प्रशस्त गऱ्यो।

६०१ सदस्यीय संविधानसभा स्थापना गर्न पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष निर्वाचन) र राष्ट्रव्यापी समानुपातिक मतदानको समानान्तर मिश्रित निर्वाचन प्रणाली गरी समानान्तर मिश्रित प्रणाली अपनाइएको थियो। यस मध्ये २६ जना सदस्यहरू नयाँ बन्ने अन्तरिम सरकारले मनोनित गर्ने छ। मतदान देशभरीका २०,८८९ मतदान केन्द्रमा सञ्चालन गरिएको थियो।

## कानुनी संरचना

संविधान सभाको निर्वाचन सञ्चालन गर्नका लागि नेपालको अन्तरिम संविधान लगायत विविध प्रकारका कानुन, पाँचवटा ऐनहरूका अतिरिक्त निर्वाचन आयोगले एउटा आचार संहिता र थुप्रै विस्तृत नियमावलीहरू जारी गरेको थियो।[२] निर्वाचन सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड समावेश भएका मुख्य सन्धिहरूलाई पनि नेपालले अनुमोदन वा स्वीकृत गरेको छ।[३]

कानूनी संरचनाले सामान्यतया अन्तर्राष्ट्रिय मापदण्ड अनुसार लोकतान्त्रिक र समावेशी निर्वाचन प्रक्रियाको प्रत्याभूति गरेको छ। अन्तरिम सरकार र निर्वाचन आयोगले निर्वाचन सम्पन्न गर्नका लागि आवश्यक धेरै विषयहरूमा विस्तृत प्रावधान तयार गर्नका लागि कानूनी संरचनामा थुप्रै सुधारहरू गरेका छन्। कानूनी संरचनामा कमी कमजोरी रहेका ठाउँहरूमा

---

[२] संविधानसभा सदस्य निर्वाचन ऐन (२०६४); निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी कानून (२०६४); मतदाता नामावली सम्बन्धी ऐन (२०६३);निर्वाचन कसुर र सजाय ऐन (२०६४); र संविधानसभा अदालत सम्बन्धी ऐन (२०६४)।

[३] नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (आईसिसिपिआर); महिला विरुद्ध हुने सबै प्रकारका हिंसा उन्मूलन गर्ने महासन्धि (सिड), सबै प्रकारका जातिय भेदभाव उन्मूलन गर्ने महासन्धि (सीईआरडी); र आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी महासन्धि (सिईएससीआर)।

सुधार गर्नका लागि निर्वाचन आयोगले धेरै विषयहरूमा नियमावलीहरू जारी गऱ्यो। यस्ता सुधारहरूमा प्रचार प्रसार सम्बन्धी नियमहरू जस्तै मत किनबेच, डर-धाक-धम्की र अवरोध तथा प्रचार प्रसारका क्रियाकलापमा राज्यको स्रोतको प्रयोगमाथि प्रतिबन्ध लगाउने नियम र प्रचार प्रसारको बजेटको सीमा आदि पर्छन्। असन्तुष्ट पक्षलाई आफ्ना गुनासा पोख्ने मौका प्रदान गर्दै उजुरी सुनुवाईका लागि उचित कानूनी उपचारको व्यवस्था पनि गरिएको छ। अन्ततोगत्वा महिला र सीमान्तीकृत समूहका लागि सिट आरक्षणको व्यवस्थाको सुरुआत हुनु निर्वाचन कानूनमा नयाँ अध्यायको थालनी हो।

यद्यपि, कानूनी संरचनामा केही सुधार भए पनि त्यसमा अझै केही कमजोरीहरू रहेका छन्। कानूनी संरचना धेरै छरपस्ट रहेकाले एकीकृत निर्वाचन कानूनको अभावमा विधेयकले थुप्रै कानून र नियमावलीहरूमा सीमित हुनुपरेकाले स्पष्टताको अभाव रहेको छ। निर्वाचन आयोगले प्रत्येक सूचीले प्राप्त गर्ने सिट सङ्ख्याको निर्धारण गरेपछि, राजनीतिक दलका केन्द्रीय समितिहरूले उनीहरूको बन्द सूचीमा रहेका उम्मेदवारहरू मध्येबाट विजयी भएका उम्मेदवारहरूको छनौट गर्न सक्ने छन्। यसबाट मतदाता र निर्वाचित प्रतिनिधि बीचको सम्बन्ध गम्भीर रूपमा ओझेलमा पार्छ र यसमा पारदर्शिताको अभाव रहन्छ।[४] यसका साथै, कोटा प्रणालीमा उल्लेख गरिएको “अन्य” समूह कसको प्रयोजनका लागि लागू गर्ने भन्ने बारे पर्याप्त र निश्चित नियम छैन। कोटा प्रणालीमा नपरेका सबै समूह यस समूह अन्तर्गत पर्ने भन्ने अन्तरिम संविधानको व्याख्याका कारण पछि पारिएका समूहहरूले यस समूहबाट प्राप्त गर्न सक्ने फाइदाको सम्भावना न्यून भएको छ। यो कोटा प्रणाली समानुपातिक निर्वाचन प्रणालीतर्फ १०१ जनाभन्दा कम उम्मेदवारी दिने दलहरूका हकमा लागु नभएका कारण साना दलहरूले धेरै मत प्राप्त गरेमा कोटा प्रणाली कमजोर हुन पुग्छ।

हुनत, विधयेकले निर्वाचन प्रक्रियाको धेरै पक्षलाई सम्बोधन गरेको भए पनि केही आधारभूत अंशका हकमा भने कानूनी प्रावधानको अभाव रहेको छ। यही कारणले गर्दा निर्वाचन आयोगले तदर्थ रूपमा बनाएका नियमावलीहरूमा भर पर्नु पऱ्यो। ती नियमावलीहरू परिवर्तनका लागि लचिला थिए र ती मध्येका कतिपय केही निकै ढिला गरी मात्र जारी

---

[४] आईसीसीपीआर को दफा २५ ले मतदाताहरूको स्वतन्त्रतापूर्वक आफ्ना ईच्छा अभिव्यक्ति गर्न पाउने अधिकारको सुनिश्चित गरको छ। राष्ट्रसंघीय मानवअधिकार आयोगको साधारण टिप्पणी। २५को अनुच्छेद ७: “जहाँ स्वतन्त्रतापूर्वक छानिएका प्रतिनिधिहरू मार्फत नागरिकहरू सार्वजनिक काममा सहभागी हुन्छन्, ति प्रतिनिधिहरू सरकारको शक्तिको उपयोग गर्न पाउँछन् र उनीहरू उक्त शक्तिको उपयोगका लागि निर्वाचन प्रक्रिया मार्फत उत्तरदायी हुन्छन्।"

गरिएकाले तिनले कानूनी सुनिश्चितता दिन सकेनन्। यसरी स्पष्ट रूपमा कानूनी निर्देशनको अभाव भएका केही मुख्य विषय मध्येको एउटा हो, विशेष सुविधाको आवश्यकता पर्ने मतदाताहरूका लागि उपयुक्त प्रावधानको व्यवस्था। यस्तो आवश्यकता भएकाहरूमा आप्रवासी कामदारहरू, आन्तरिक रूपमा विस्थापित भएकाहरू र शारीरिक अक्षमता वा अस्पतालमा भर्ना भएका कारणले मतदान केन्द्रसम्म पुग्न नसक्नेहरू पर्छन्। क्षेत्राधिकारको मुद्दा उठाउँदै सर्वोच्च अदालतले एउटा पुनरावेदन खारेज गरे पछि **निर्वाचन आयोगले गरेका निर्णयलाई चुनौती दिने पर्याप्त पुनरावेदन संयन्त्र उपलब्ध नभएको विषयमा ईयूले चासो राखेको छ। (कृपया तल गुनासो र उजुरीमा हेर्नुहोस्)**

## निर्वाचन प्रशासन

नेपालमा सबै निर्वाचन र जनमत सङ्ग्रह सञ्चालन गर्ने जिम्मेवारी पूरा गर्ने एक स्वतन्त्र निकायका रूपमा निर्वाचन आयोगको स्थापना भएको हो। प्रमुख निर्वाचन आयुक्त र चार जना आयुक्तहरूको नियुक्ति संवैधानिक परिषदको सिफारिसमा प्रधानमन्त्रीद्वारा २०६३ सालको मध्यमा ६ वर्षका लागि गरिएको हो। निर्वाचन आयोगका निर्णयहरू पाँचवटै विकास क्षेत्रका ७५ जिल्लाका २४० निर्वाचन क्षेत्रमा कार्यरत करिब २४०,००० निर्वाचन कर्मचारीहरूका प्रशासनिक संरचना मार्फत कार्यान्वयन हुन्छन्। नेपाल स्थित राष्ट्रसंघीय मिसन (अन्मिन) ले देशभरी महत्वपूर्ण प्राविधिक सहयोग उपलब्ध गराएको थियो।

सम्पूर्ण निर्वाचन प्रक्रियाको व्यवस्थापनका लागि निर्वाचन आयोगलाई व्यापक अधिकारहरू प्रत्यायोजन गरिएको छ। यसमा नियमको तर्जुमा गर्ने र कार्यान्वयन, मतदाता नामावली तयार गर्ने, राजनीतिक दल दर्ता गराउने, मतदाता शिक्षा सञ्चालन र उजुरी परेका विषयमा निर्णय गर्ने र निर्णय कार्यान्वयन गराउने अधिकार रहेका छन्। निर्वाचन आयोगले एउटा स्वतन्त्र निकायका रूपमा इमान्दारिता र सक्षमतापूर्वक आफ्नो भूमिका निर्वाह गरेको छ। यसले लचिलोपन अपनाउने र खुल्ला सञ्चार नीति विकास गर्ने जस्ता मुख्य विषयमा राजनीतिक दलहरू र अरू सरोकारवालाहरूसँग परामर्श गरेको थियो। आयोगले आफ्ना काम गर्ने प्रक्रियाहरूलाई पारदर्शी राख्यो तर यसले पर्यवेक्षकहरूलाई निर्णय प्रक्रिया र आयुक्तहरूको बैठकमा अझ बढी पहुँच दिएको भए जवाफदेहिता र पारदर्शिता अझ अभिवृद्धि हुने थियो।

बन्दोबस्ती र प्राविधिक तयारी प्रभावकारी ढङ्गले पूरा गरियो र महत्वपूर्ण पक्षहरू समय तालिका अनुसार नै सम्पन्न गरियो। जिल्ला निर्वाचन अधिकृत र मतदान अधिकृतहरूले आफ्नो कामको तयारी राम्रोसँग गरेको कुरा राजनीतिक दलहरू र नागरिक समाजले मनन

गरेका छन्। इयु-ईओएमका पर्यवेक्षकहरूले ४४,००० मतदान अधिकृत र सहायकहरूको तालिमको सराहना गरेका छन्।

## मतदाता दर्ता

मतदाता दर्ताको काम सबैभन्दा पछिल्लो पटक २०६३ माघ महिनामा गरिएको थियो। यस कामका लागि मुलुकभरी २२,६३० दर्ता सहायक परिचालन गरिएको थियो। यसबाट कुल मतदाताको सङ्ख्या २०६३ को तुलनामा १५ प्रतिशतले बढेर १ करोड ७६ लाख पुग्यो। यद्यपि, यस तथ्याङ्कमा क्षेत्रीय रूपमा केही भिन्नता भने रहेका छन्। विद्यमान मतदाता नामावलीलाई समग्रमा स्वीकारिएको भए पनि मतदाता नामावली कति गुणस्तरीय र ठिकसित तयार गरिएको छ भन्ने विषयमा गम्भीर चासोहरू रहेका छन्। सीमान्तीकृत समूहका उमेर पुगेका धेरै मतदाताले नाम दर्ता गराउन पाएनन्। नेपाली समाजको बसाईंसराईंको तरलता र आन्तरिक रूपमा विस्थापितहरूको सङ्ख्यालाई हेर्दा, मतदाता नामावलीमा दर्ता गर्नका लागि तोकिएको स्थायी बसोवासको मापदण्डले गर्दा उमेर पुगेका मतदाताहरू समेत मतदाता नामावलीमा नाम दर्ता गर्नबाट वञ्चित हुन पुगेको देखिन्छ।

यस अघि हुने भनिएका निर्वाचनहरू स्थगित भए पनि कार्यक्रमको समयबद्धताका कारण मतदाता नामावली अद्यावधिक हुन सकेन। फलतः २०६३ मङ्सिर २९ गते यता १८ वर्ष पुगेकाहरू यस निर्वाचनमा मतदान गर्नबाट वञ्चित भए। यसबाट सो मितिमा नागरिकता प्राप्त गरेका व्यक्तिहरू पनि मतदान गर्ने हकबाट वञ्चित हुन पुगे। मतदाता नामावलीमा दोहोरिएका नाम र अन्य अनियमितताको लेखाजोखा गर्नका लागि पर्याप्त संयन्त्रको पनि अभाव रहेको छ।

## उम्मेदवार तथा दलहरूको दर्ता

निर्वाचनमा उम्मेदवार बन्नका लागि साह्रै कडा प्रतिबन्धात्मक शर्तहरू थिएनन् र निर्वाचनमा जम्मा ९,६४८ उम्मेदवारहरू बीच प्रतिष्पर्धा भएको थियो। यो विगतका निर्वाचनहरूका तुलनामा उल्लेख्य अभिवृद्धि हो। पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष निर्वाचन) प्रणाली अन्तर्गत २४० मध्ये एउटा निर्वाचन क्षेत्रमा उम्मेदवारको निधन भएर निर्वाचनको मिति सारिएपछि २३९ निर्वाचन क्षेत्रमा ५५ राजनीतिक दलका ३,९४७ जना उम्मेदवारले भाग लिएका थिए। नेपाली काँग्रेस (नेका), नेकपा (माओवादी) र नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी-लेनिनवादी (नेकपा-एमाले) गरी तीनवटा मुख्य राजनीतिक दलहरूले मात्रै २४० वटै निर्वाचन क्षेत्रमा आफ्नो उमेदवारी दिएका थिए। दलहरू बीचको स्थानीय स्तरमा भएको

आपसी परामर्श र केहीको हकमा डर-धाक-धम्कीका कारण धेरै, २५८ जना उम्मेदवारहरूले उम्मेदवारी फिर्ता लिएका थिए।

जम्मा ५५ वटा राजनीतिक दलहरूले समानुपातिक प्रणालीको निर्वाचनका लागि तोकिएका ३३५ वटा सिटका लागि उम्मेदवारहरूको बन्द सूची दर्ता गरेका थिए। सात वटा राजनीतिक दलहरूले सबै ३३५ वटै सिटका लागि सूची पेश गरेका थिए। यी मध्ये धेरै कोटा प्रणाली अन्तर्गतको जटिल आवश्यकता पूरा गर्न प्रारम्भिक रूपमा असफल भएका थिए। नाम सच्याउन दिइएको सात दिनको म्याद भित्र पनि महिलाको कोटा पुऱ्याउन नसकेका कारण एउटा दल अयोग्य भएको थियो। निर्वाचन आयोगले चार जना उम्मेदवार विरुद्ध तीन वटा उजुरी प्राप्त गरेको भए पनि सबै ६,००० जना उम्मेदवारको योग्यताको समीक्षा गरेको थियो। ५४ वटा अन्तिम बन्दसूचीबाट २८५ जना उम्मेदवारको नाम हटाइएको थियो। यी मध्ये १११ जनाको नाम राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल (राप्रपा-नेपाल) ले पेश गरेका दुवै सूचीमा रहेको थियो। नाम हटाइएका मध्ये धेरैजसो उम्मेदवार नागरिकता प्रमाणपत्र पेश गर्न असमर्थ भए वा उनीहरूको उमेर नपुगेको पाइएको थियो। बाँकी चाहिँ दुईवटा राजनीतिक दलहरूको बन्द सूचीमा नाम दर्ता गराएका वा पहिलो हुने निर्वाचित हुने र समानुपातिक प्रतिनिधित्व दुवै निर्वाचनमा नाम दर्ता गराएका उम्मेदवार थिए।

## प्रचार प्रसारको परिस्थिति

मुलुकका अधिकांश भागमा विधिको शासनको अभाव तथा शान्तिसुरक्षाको कमजोर परिस्थितिका कारण प्रचार प्रसारको अवधिमा राजनीतिक दल तथा उम्मेदवारले भेला हुने स्वतन्त्रता, निर्बाध आवतजावतको हक तथा अभिव्यक्ति स्वतन्त्रताका सिद्धान्तद्वारा प्रदत्त हकअधिकारहरूको सधैं पूर्ण उपभोग गर्न पाएनन्। राजनीतिक दलका कार्यकर्ताहरू बीच कैयन पटक भीडन्त भयो भने हिंसाका घटनाहरू पनि धेरै भए। यस्ता सबै घटनाहरूका कारण परिवेश डर र धाक धम्कीपूर्ण हुन गयो र कतिपय ठाउँमा स्वतन्त्रतापूर्वक प्रचार प्रसार गर्ने हक कुण्ठित हुन पुग्यो। प्रचार प्रसारका अवधिमा भएका गम्भीर घटनामा नौ जनाको हत्या गरिएको घटना पनि छ, जसमध्ये अधिकांश नेकपा (माओवादी) का कार्यकर्ता थिए। मतदानको दिनभन्दा एक दिन अगाडि दाङमा नेकपा (माओवादी) र नेपाली काँग्रेस बीच भएको भीडन्तको क्रममा प्रहरीबाट आठ जना मारिए भने सुर्खेतमा एक जना उम्मेदवारसहित तीन जना अन्य व्यक्तिहरू मारिए। रौतहटमा एउटा घरेलु विस्फोटक पदार्थ पडकिँदा केही मानिस मारिएका थिए। प्रचार प्रसारका अवधिमा कैयन बम विस्फोट भए, उम्मेदवार र कार्यकर्तामाथि आक्रमण एवम् अपहरणका कैयन घटनाहरू भए। प्रतिद्वन्दी

राजनीतिक दलहरूका कार्यकर्ता बीच भएका झडपहरूमा कैयन कार्यकर्ताहरू घाइते भए। यी सबै घटनाहरूले डर र त्रासलाई बढाउनमा मद्दत पुऱ्यायो भने स्वतन्त्रतापूर्वक प्रचार प्रसार गर्न पाउने अधिकारको गम्भीर हनन भयो। मतदाताहरूलाई व्यापक रूपमा धम्काइएका तथा मतदाताहरूले आफ्नै घर तथा सार्वजनिक स्थलहरूमा दवाव अनुभव गरेका प्रतिवेदनहरू प्राप्त भएका थिए।

चर्को हिंसा हुँदा हुँदै पनि राजनीतिक दलहरूले मुलुकका धेरै भागमा प्रचार प्रसारको काम गरे। यद्यपि प्रचार प्रसारको परिस्थिति जिल्ला–जिल्लामा फरक खालको थियो। केही क्षेत्रमा हिंसा फैलिँदै गए पछि सम्बन्धित अधिकारीहरूले सार्वजनिक स्थलहरूमा बैठक गर्न प्रतिबन्ध लगाएका थिए । नेकपा (एमाले), नेपाली काँग्रेस र नेकपा (माओवादी) का समर्थकहरूका बीचमा झडपहरू भएपछि कर्फ्यु पनि लगाइएको थियो। फलतः दुवै पक्षले भीडन्तबाट बच्नका लागि केही ठाउँमा आ–आफ्ना प्रतिद्वन्द्वीको पकड क्षेत्रमा प्रचार नै नगर्ने निर्णय गरे। प्रचार प्रसारमा खलल पुऱ्याउने एवम् उम्मेदवार र कार्यकर्ताहरूमाथि आक्रमणका धेरै घटनामा नेकपा (माओवादी) तथा उक्त पार्टीसँग आबद्ध सङ्गठनहरूका साथै तराईका सशस्त्र समूहहरू संलग्न छन्। तर ईयूका पर्यवेक्षकहरूको प्रतिवेदन अनुसार आ–आफ्ना पकड रहेका क्षेत्रमा अन्य राजनीतिक दल, विशेषत नेकपा (एमाले) तथा नेकाले पनि हिंसाको सुरुआत गरेका छन्।

प्रचार प्रसारको अवधिमा राजनीतिक दलहरूले आचारसंहिताको व्यापक उल्लङ्घन गरेका थिए। प्रचारका लागि राज्यका स्रोतहरूको दुरूपयोग भएको, मत किन्न खोजिएको र प्रचारका लागि बालबालिकाको प्रयोग भएको जस्ता उजुरीहरू ईयू ईओएमका पर्यवेक्षक समक्ष आएका थिए। हिंसा र धम्कीका अतिरिक्त आचारसंहिताको कसरी उल्लङ्घन भएको थियो भन्ने कुराको स्पष्ट उदाहरण आचारसंहिताका प्रावधानहरू विपरित मुलुकभरि सार्वजनिक स्थानमा राखिएका पोस्टर र ब्यानरहरू हुन्। प्रचार अवधिभर नै दण्डहीनताको संस्कृति व्याप्त रह्यो। क्षमता र कानुन कार्यान्वयनमा सक्रिय भूमिका खेल्ने संस्कृतिको अभाव भोगिरहेको प्रहरीले कानुन उल्लङ्घन गर्नेहरूलाई थुनामा राखेका उदाहरणहरू अत्यन्त कम छन्। आचारसंहिताको उल्लङ्घनका घटनामा निर्वाचन आयोगले पनि सही ढङ्गबाट प्रतिक्रिया दिन सकेन। निर्वाचनको संवेदनशील परिस्थितिमा कारवाही अघि बढाउँदा पहिलेदेखि रहेको तनावपूर्ण परिस्थितिमा झनै आगोमा घ्यु थप्ने काम हुन सक्छ भनेर आयोगले मध्यस्थकर्ताको भूमिका मात्र निर्वाह गऱ्यो।

## आमसञ्चारको परिस्थिति

निर्वाचनको प्रचार प्रसारका गतिविधिहरूले आमसञ्चार माध्यममा राम्रै स्थान पाए र प्रचार प्रसारको अवधिको अधिकांश समयमा सामान्यतया अभिव्यक्ति स्वतन्त्रताको सम्मान नै भयो। निर्वाचनको प्रचार अभियानभन्दा अघिको अवस्थाको तुलनामा पत्रकारहरूका लागि प्रचार प्रसारको अवधि सकारात्मक नै रहयो। सञ्चार माध्यमहरूमा बढी स्थान पाउनका लागि राजनीतिक दलहरूले आमसञ्चार माध्यमलाई पूर्वाग्रही भएको आरोप लगाएका कारण आमसञ्चार माध्यमले निकै दवाव अनुभव गरेका थिए। अछाम र चितवनमा पत्रकारहरूलाई तर्साइको र धम्क्याइएको छ। प्रचार प्रसारको अन्त्यताका नेकपा (माओवादी) का समर्थकहरूले कास्कीका एकजना पत्रकारलाई अपहरण गरेको र पर्वतका एक जना पत्रकारलाई आक्रमण गरेको बताइएको छ।

सरकारी सञ्चार माध्यमले प्रचार प्रसारका सम्बन्धमा छापेका र प्रसारण गरेका कुराहरू सन्तुलित थिएनन्। [५] नेपाल टेलिभिजनले आफ्नो समाचारको समय मध्ये सबैभन्दा बढी ३९ प्रतिशत स्थान नेकपा (माओवादी) र उक्त पार्टीसँग नजिकका राजनीतिक पात्रहरूलाई दिएको थियो भने नेकालाई २७ र नेकपा (एमाले) लाई १७ प्रतिशत स्थान दिएको थियो । सरकारी स्वामित्वमा रहेको रेडियो नेपाल र गोरखापत्रको समाचारमा पनि सन्तुलनको अभाव देखियो। रेडियो नेपालले आफ्नो समाचारमा ४३ प्रतिशत स्थान नेकपा (माओवादी) लाई दियो भने नेकालाई २७ नेकपा (एमाले) लाई १७ प्रतिशत र राप्रपालाई ६ प्रतिशत भन्दा कम स्थान दिएको थियो। रेडियो नेपालबाट प्रसारण हुने कार्यक्रम 'घटना र विचार' विशेष रूपमा विवादास्पद रह्यो र कार्यक्रममा नेकपा (माओवादी) को वर्चस्वका कारण निर्वाचन आयोगमा उजुरी समेत दर्ता भएको थियो। निर्वाचन आयोगले रेडियो नेपाललाई आचारसंहिता पालना गर्नका लागि निर्देशन नै जारी गरेको थियो। तर त्यसबाट पनि उक्त कार्यक्रममा खासै असर परेन। गोरखापत्रले नेकपा (माओवादी) लाई ४३ प्रतिशत स्थान दियो भने नेकालाई २० नेकपा (एमाले)लाई १६ प्रतिशत र राप्रपालाई ४ प्रतिशतभन्दा कम स्थान दिएको थियो।

---

[५] ईयू ईओएमले २०६४ चैत १० गतेदेखि चैत २५ गतेसम्म सरकारी स्वामित्वमा रहेका रेडियो नेपाल र नेपाल टेलिभिजन, निजी क्षेत्रका कान्तिपुर टीभी, इमेज च्यानल टीभी, सगरमाथा टीभी, कान्तिपुर एफएम, उज्यालो एफएम र नेपाल एफएम (०६:००–१०:०० र १८:०० – २२:००) को अनुगमन गरेको थियो। सरकारी स्वामित्वमा रहेको गोरखापत्रसहित निजी क्षेत्रका कान्तिपुर, नेपाल समाचारपत्र, द हिमालयन टाइम्स र नयाँपत्रिकाको पनि हरेक दिन अनुगमन गरिएको थियो।

नेकपा (माओवादी) लाई निजी क्षेत्रका प्रसारण माध्यमले पनि बढी स्थान दिएका थिए। अनुगमन गरिएका रेडियोहरूले ४२ प्रतिशत स्थान नेकपा (माओवादी) लाई दिए पनि ती मध्येमा केहीमा भने आलोचना गरिएको थियो। निजी क्षेत्रले नेकपा (एमाले) लाई २२ प्रतिशत नेकालाई २२ प्रतिशत र राप्रपालाई २ प्रतिशतभन्दा कम स्थान दिएका थिए। निजी टेलिभिजन च्यानलहरूले पनि आफ्ना समाचारमा दलहरूलाई यस्तै किसिमले स्थान दिएका थिए। तिनले नेकपा (माओवादी) लाई ३७ प्रतिशत, नेकपा (एमाले)लाई २२ प्रतिशत र नेकालाई २४ प्रतिशत स्थान दिएका थिए। निर्वाचन आयोगले राजनीतिक दलहरूलाई नेपाल टेलिभिजन र रेडियो नेपालबाट आफ्ना कुराहरू राख्न तिनीहरूले उठाएका उम्मेदवारको सङ्ख्याका आधारमा तीन चरणमा निःशुल्क समय दिने निर्णय गरेको थियो। तर टेलिभिजन स्टेशनहरूले त्यसको उल्लङ्घन गरेका घटनाहरू पनि छन्।

## महिला तथा परम्परागत रूपमा सीमान्तीकृत समुदायको सहभागिता

अन्तरिम संविधान तथा संविधानसभा निर्वाचन ऐनले महिला तथा परम्परागत रूपमा सीमान्तीकृत समुदायको अधिकारको पहिचान गर्दै उनीहरूको अधिकारलाई संरक्षण गर्नुका साथै यी समूहको अभूतपूर्व प्रतिनिधित्वका लागि कोटा प्रणालीबाट निर्वाचन गर्ने प्रावधान राखियो। त्यसबाट संविधानसभाको कुल सङ्ख्या मध्ये कम्तीमा २४ प्रतिशतमा महिला सदस्य निर्वाचित हुने भए। तर संविधानसभामा व्यापक प्रतिनिधित्वलाई प्रत्याभूत गर्नका लागि परम्परागत रूपमा सीमान्तीकृत समुदायको कोटाका सन्दर्भमा पूर्वतयारीको चरणमा राम्ररी विकास हुन सकेन। त्यसैले पनि यी समूहको प्रतिनिधित्व पहिले लक्ष्य लिएभन्दा कम हुन सक्छ। राजनीतिक दलहरूमा रहेको सम्भ्रान्त समूहका पुरूषहरूको प्रभुत्व राजनीतिमा महिला तथा परम्परागत रूपमा सीमान्तीकृत समुदायको सहभागिताको बाटोको मुख्य अवरोध हो। [६] परम्परागत रूपमा सीमान्तीकृत समुदायका केही उम्मेदवार र महिला उम्मेदवारले भने प्रचार प्रसारका क्रममा आर्थिक र सामाजिक कठिनाइ बेहोर्नु परेको थियो। अद्यावधिक गर्न बाँकी, पुरानो र गलत जनगणनाका कारण कोटाले सामाजिक जनसाङ्ख्यिकीको वास्तविक चित्रण नहुन सक्छ।

---

[६] प्रत्यक्ष निर्वाचनमा उठेका ३९४७ जना उम्मेदवारमध्ये ३६७ जना (९.२९ प्रतिशत) मात्र महिला छन्। नेकपा–माओवादीले ४२ जना (१७.५ प्रतिशत), नेकपा–एमालेले २६ जना (११.३५ प्रतिशत) नेपाली काँग्रेसले २६ जना (१०.८ प्रतिशत) जनमोर्चा नेपालले २८ जना (१३.७ प्रतिशत) नेपाल मजदुर किसान पार्टीले २७(२७.५ प्रतिशत) महिला उठाएको छ। उम्मेदवारी दर्ता भएका ५४ मध्ये १६ दलबाट एक जना पनि महिला उम्मेदवार छैनन्। १६ जिल्लामा र ६७ निर्वाचन क्षेत्रमा पनि एक जना पनि महिला उम्मेदवार छैनन्।

निर्वाचन प्रशासनको उच्च तहमा पनि महिला तथा परम्परागत रूपमा सीमान्तीकृत समुदायको सहभागिता अत्यन्त न्यून छ। कुल २४० निर्वाचन अधिकृत मध्ये जम्मा दुई जना मात्र महिला थिए। मतदान केन्द्र समितिमा पनि महिलाहरूको सहभागिता न्यून थियो। तर पनि निर्वाचनको पर्यवेक्षणमा महिलाहरूले सक्रिय भूमिका खेले र राष्ट्रिय महिला पर्यवेक्षकको सङ्ख्या पनि उल्लेख्य रहेको थियो।

## मतदाता शिक्षा

अनमिन तथा अन्तर्राष्ट्रिय समुदायका अन्य सदस्यहरूको सहयोगमा निर्वाचन आयोगले महत्वाकाङ्क्षी मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्‍यो। ८,५६८ जनाको ठूलो सङ्ख्यामा मतदाता शिक्षा स्वयंसेवकले स्थानीय समुदायमा गएर जनसम्पर्कको काम गरे। बितेका महिनाहरूमा स्वयंसेवकहरूले कैयन अवरोध र धम्कीका घटनाको सामना गर्नु परे पनि यो कार्यक्रम कुनै उल्लेखनीय अवरोध र घटना बिना नै पचहत्तरै जिल्लामा सम्पन्न भएको बताइएको छ। यो आधिकारिक प्रयासलाई नागरिक समाजका सङ्गठनहरूले सञ्चालन गरेका बृहद् अभियानले पनि साथ दिएको थियो। राष्ट्रिय र स्थानीय तहमा मतदाता शिक्षाका लागि सडक नाटक, टेलिभिजन र रेडियो कार्यक्रमजस्ता अनेकन अनुपम कार्यक्रमहरू चलाइएको थियो। यी प्रयासहरू भए तापनि संविधानसभाको निर्वाचनको सम्बन्धमा आमजनताको सचेतना स्तर भने पर्याप्त थिएन।

## नागरिक समाज र निर्वाचन पर्यवेक्षण

निर्वाचन पर्यवेक्षणका लागि ठूलो सङ्ख्यामा अन्तर्राष्ट्रिय र राष्ट्रिय पर्यवेक्षकहरूले स्वीकृति पाएका थिए। निर्वाचन आयोगका अनुसार १४८ संस्थाका ६० हजारभन्दा बढी व्यक्तिहरूलाई राष्ट्रिय पर्यवेक्षकका रूपमा अनुमति दिइएको थियो भने २८ वटा अन्तर्राष्ट्रिय पर्यवेक्षण मिसनहरूले ८५६ अन्तर्राष्ट्रिय पर्यवेक्षक सहित निर्वाचन पर्यवेक्षणको अनुमति पाएका थिए।

## उजुरी र पुनरावेदन

प्रचार प्रसारको अवधिभरमा लगभग २३० वटा औपचारिक उजुरी निर्वाचन आयोगमा दर्ता भएका थिए। आचारसंहिता उल्लङ्घनका कैयन अनौपचारिक उजुरीहरूका बारेमा ईयू ईओएमको पनि ध्यानाकर्षण गरिएको थियो। अधिकांश औपचारिक उजुरीहरू सरकारी कर्मचारीहरूको पूर्वाग्रह, सरकारी सम्पत्तिको दुरूपयोग र चुनावी हिंसासँग सम्बन्धित थिए।

सरकारी कर्मचारीका रूपमा कार्यरत नेपाली काँग्रेसका तीन जना उम्मेदवारका बारेमा निर्वाचन आयोगमा चार वटा उजुरी परेका थिए । ती तीनै जना उम्मेदवार अयोग्य ठहरिए।

निर्वाचन आयोगले आचार संहिताको उल्लङ्घन गरिएको पुष्टि भएका घटनाहरूमा पनि उल्लङ्घनकर्ताहरूमाथि कुनै कारवाही गरेन। निर्वाचन आयोगका निर्णयमाथि दुई वटा पुनरावेदन माथिल्लो अदालतमा परेका छन्। त्यसमध्ये एउटा संविधानसभा अदालत र अर्को सर्वोच्च अदालतमा परेका छन्। यी दुवै अदालतले यी उजुरीहरूमा सुनवाइ गर्ने क्षेत्राधिकार आफूमा नभएको बताएका थिए। संविधानसभा अदालतले उम्मेदवारको अयोग्यतामा निर्णय गर्ने अधिकार आफूमा नभएको बताएको थियो भने सर्वोच्च अदालतले अन्तरिम संविधान २०६३ को धारा ११८ (४) अनुरूप संविधानसभाको निर्वाचनलाई बिथोल्ने नियतले अदालतमा कुनै मुद्दा दायर गर्न नमिल्ने आधारमा उक्त पुनरावेदनलाई खारेज गरेको थियो।

## मतदान

देशका धेरै भागमा बिना कुनै बाधा अवरोध सामान्यतया शान्तिपूर्ण वातावरणमा मतदान सम्पन्न भयो। यद्यपि हिंसाका घटना, डर-धाक-धम्की र प्रत्यक्षरूपमा मतदानमा अवरोध पुर्‍याउने प्रयासका कारण प्रभावित केही मतदान केन्द्रहरूमा मतदान स्थगन भयो। सामान्यतया २३९ वटै निर्वाचन क्षेत्रहरूमा शान्तिपूर्ण र व्यवस्थित ढङ्गबाट मतदान सम्पन्न भयो। मतदान गर्नका लागि उल्लेख्य सङ्ख्यामा मतदाताहरू उपस्थित भएका थिए। निर्वाचनको तयारीका लागि आवश्यक बन्दोबस्त पूरा गरिएका कारण मतदान केन्द्रहरू समयमै खुलेका थिए।

युरोपेली युनियनका पर्यवेक्षकहरूले भ्रमण गरेका मतदान केन्द्रहरू मध्ये ८९ प्रतिशत ठाउँमा मतदान प्रक्रिया जटिल हुँदाहुँदै पनि मतदान सकारात्मक रूपमा सम्पन्न भएको थियो। भ्रमण गरिएका मध्ये अधिकांश मतदान केन्द्रमा खटिएका निर्वाचन कर्मचारीहरू प्रतिबद्ध, कार्यकुशल र प्रशिक्षित पाइएका थिए। भ्रमण गरिएका मध्ये ९० प्रतिशत मतदान केन्द्रमा मतदाताहरूको प्रभावकारी व्यवस्थापन, मतदान कर्मचारीहरूबाट भएका नियन्त्रण र सुरक्षाका उपाय तथा मतपत्रको गोप्यतामा धेरै राम्रो वा राम्रो काम भएको पाइयो। भ्रमण गरिएका अधिकांश ठाउँमा मतदाताहरूले पनि मतदान प्रक्रियाका बारेमा राम्ररी बुझेको पाइयो। मतदान केन्द्र अगाडि राजनीतिक दलका कार्यकर्ताहरूले मतदाताहरूसमक्ष प्रचार प्रसार गरेको र मतदाताहरूको अनधिकृत रूपमा व्यवस्थित छनौट गरिएका जस्ता कुराहरू पर्यवेक्षणका क्रममा देखिए पनि युरोपेली युनियनका पर्यवेक्षकहरूले मतदानको वातावरण समग्रमा सकारात्मक रहेको मानेका छन्। भ्रमण गरिएका ७७ प्रतिशत मतकेन्द्रमा मतदान

समापनको काम पनि अति राम्रो वा राम्रो थियो भने जिल्ला मतगणना केन्द्रमा मतपेटिकालाई लैजाने काम रातभरि नै निरन्तर

**मतगणना**

---

नेपालका विभिन्न जिल्लाहरूमा मतगणना जारी रहेको छ। निर्वाचन प्रक्रिया सफलतापूर्वक सम्पन्न गर्नका लागि मतगणना र त्यसका नतिजाहरूलाई तालिकामा राख्ने काम पारदर्शी र प्रभावकारी हुन अत्यन्तै महत्वपूर्ण हुन्छ। ईयू ईओएम्ले यी प्रक्रियाहरू सम्पन्न नभएसम्म आफ्नो पर्यवेक्षण जारी राख्नेछ र त्यसपछि अन्तिम प्रतिवेदन दिनेछ।

**पर्यवेक्षणका क्रममा सहयोग र सहायता पुऱ्याईदिएकोमा ईयू ईओएम् नेपालको अन्तरिम सरकार र निर्वाचन आयोगप्रति आभारी छ। त्यसैगरि यस अवधिभरी पुऱ्याएको सहयोगका लागि नेपाल स्थित युरोपेली नियोगको कार्यालय र आप्रवासीहरूको अन्तर्राष्ट्रिय सङ्गठनप्रति पनि ईयू ईओएम् धन्यवाद व्यक्त गर्छ।**

थप जानकारीका लागि सम्पर्क गर्नुहोस् :

अन्ना ओवेन, प्रेस अधिकृतः ९७७ ९८४१ ८९ ०८ ८१

थोमस बसरअप, नायव प्रमुख पर्यवेक्षकः ९७७ ९८४१८९०७०८

युरोपेली युनियन निर्वाचन पर्यवेक्षण मिसन

होटेल याक एन्ड यति, पश्चिमी भाग तेस्रो तल्ला,

दरबार मार्ग, काठमाडौं

टेलिफोनः +९७७ १४४४०७०७ फयाक्सः +९७७ १४४४१४४८

वेबसाइट : **www.eueomnepal.org**